जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १२८ २०७८ साल पुस १ गते बिहीबार (16 Dec. 2021 Thursday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

कोरोनाकालको चाडबाडः सकेसम्म नगरौं भेटघाट,
भाइरसबाट जोगिएर मनाऔंला अर्को साल ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : विश्वविद्यालयमा दलीय राजनीति हाबी ... ३ पृष्ठमा : वित्तीय बजारमा सरकारी ... ३ पृष्ठमा : ओमिक्रोन भेरियन्ट...

# मलखाद्य उपलब्ध गराउन माग गर्दै किसानहरुद्वारा प्रशासन कार्यालय घेराउ



**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**

मलखाद्य नपाएको भन्दै सप्तरीका किसानहरुले बुधबार जिल्ला प्रशसन कार्यालय घेराउ गरेका छन् ।

मलखाद्यको अभावमा लगाइएको बाली समेत नष्ट भइरहेको भन्दै मलखाद्य उपलब्ध गराउन माग गर्दै उनीहरुले राजविराजमा प्रदर्शन गर्दै प्रशासन कार्यालय घेराउ गरेका हुन् ।

प्रदर्शनका क्रममा किसानहरुले बुधबार दिउँसो राजविराजस्थित गजेन्द्र चौक, जनआन्दोलन चौक लगायतमा टायर बालेर आक्रोस जनाए । मलखाद्य नपाउँदा आक्रोसित बनेका किसानहरुले जिल्ला प्रहरी कार्यालय समेत घेराउ गर्न पुगेका थिए ।

एक सातादेखी गाउँपालिका तथा सदरमुकाम राजविराज दिनहुँ जसो धाउँदा पनि मलखाद नपाउँदा किसानहरु स्वस्फुर्त आन्दोलित भएका हुन् ।

कृषि सामाग्रि संस्थानको डिपोहरुमा समेत बिहानै देखी लाम लाग्दा पनि मलखाद पाउन नसकेको र रित्तै फर्कनु परेको उनीहरुको दु:खेसो पोखेका छन् ।

यसैबीच किसानहरु अन्दोलनमा उत्रेपछि प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बुधबारै किसानका प्रतिनिधिहरुसँग वार्ता गरि अविलम्ब समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाएका छन् । उनले माग अनुसारको मलखाद आपूर्ती हुन नसक्दा समस्या भएको बताए ।

तत्काल ३५ हजार बोरा मलखाद्य आवश्यक देखिएकोमा ७ हजार ८ सय ३० बोरा मात्र उपलब्ध हुँदा समस्या देखिएको कृषि सामाग्रि संस्थानका डिपो इन्चार्जहरुले बताएका छन् ।

# लोसपाले माग्यो मुख्यमन्त्रीको राजिनामा

**दैनिक समाचारदाता**
**धनुषा, २९ मंसिर ।**

प्रदेश नं २ को बुधबार बसेको प्रदेशसभा बैठकमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले मुख्यमन्त्री लालबाबु राउतको राजीनामा माग गरेको छ ।

लोसपा संसदीय दलका नेता जितेन्द्र सोनलले 'बेटी बचाउ बेटी पढाउ' अभियान अन्तर्गत भएको साइकल खरिदमा अनियमितता देखिएको भन्दै मुख्यमन्त्री राउतको राजिनामा माग गरेका हुन् ।

अख्तियार दूरुपयोग अनुसन्धान आयोग बर्दीवासको टोलीले मुख्यमन्त्री कार्यालयमा छापा मारेर कागजात लिएपछि मुख्यमन्त्रीले प्रदेशसभाकै बैठकमा अलिकति दोषी देखिए मार्ग प्रशस्त गर्छु भनेकै आधारमा राजिनामा माँग गरेको सोनलले बताए ।

सो बैठकमा सामाजिक विकासमन्त्री साहले प्रदेश कृषि विश्वविद्यालय अध्यादेश २०७८ र प्रदेश प्राविधिक विश्वविद्यालय अध्यादेश २०७८ प्रदेशसभामा पेश गरेका छन् । सुरुमा प्रमुख प्रतिपक्षी दल लोसपाले अध्यादेश पेश गर्न नदिने भन्दै बैठक अवरुद्ध गरेका थिए ।

अध्यादेश पेश भएसँगै प्रदेशसभा बैठक स्थगित भएको छ । सभामुख सरोज यादवले आगामी पुस ८ गते बिहीबार दिनको १ बजेसम्मका लागि बैठक स्थगित भएको जानकारी दिए ।

यसअघि पार्टीका प्रमुख सचेतक परमेश्वर साहले प्रदेशसभा बैठक छलेर अध्यादेश ल्याइएको भन्दै बैठक अवरुद्ध गराइएको जानकारी दिए । यो अध्यादेश अलोकतान्त्रिक रहेकाले यसलाई टेबुल हुन नदिने भन्दै बैठक अवरुद्ध गरिएको थियो । उनले अध्यादेश फिर्ता नहुँदासम्म संसद् चल्न नदिने पनि बताए ।

# नागरिकता समस्या समाधान गर्न जसपा अग्रसर : अध्यक्ष यादव



**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशमा अहिले पनि नागरिकता समस्या कायमै रहेकोले त्यसलाई समाधान गर्न जसपाले अग्रसरता देखाएको बताएका छन् ।

सप्तरीको तिरहुत गाउँपालिका १ मा बुधबार आयोजित वृहत पार्टी प्रवेश अभियानमा सम्बोधन गर्दै उनले मधेशमा जन्मको आधारमा दिइने नागरिकताको समस्या रहेकोले

***बाँकी अन्तिम पृष्ठमा***

## घडेरी जग्गा बिक्रीमा

जनकपुरधामको मुजेलियास्थित घडेरी जग्गा बिक्रीमा छ ।

**सम्पर्क : 9851071430**

## साधारण सभा सम्बन्धी सूचना

हाम्रो कृषि सहकारी संस्था लिमिटेड राजविराज ७ को १२ औं वार्षिक साधारण सभा मिति : २०७८/९/९ गते हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावमा साधारण सभामा सहभागिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति :** २०७८/९/९ गते
**स्थान :** नेपाल पत्रकार महासंघ सप्तरीको सभाहल, राजविराज
**समय :** दिनको १२ बजेदेखी

**व्यवस्थापक**
**हाम्रो कृषि सहकारी संस्था, राजविराज-७, सप्तरी**




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# दिर्घकालिन सोचका साथ अगाडी बढ्नु आवश्यक

नेपाल कृषि प्रधान देश हो । यहाँका अधिकांश जनता कृषिमै निर्भर रहेका छन् । खासगरि मधेशका ८० प्रतिशत जनता कृषिमै आधारित छन् । यद्पी उनीहरुलाई हरेक वर्ष खेतीको समयमा मलखाद्यको अभाव हुने गरेको छ । जसकारण किसानहरुलाई खेती गर्न निकै समस्या हुनेगर्दछ । यतीको थाहा हुँदाहुँदै पनि सरकार बेखबर भएको देखिन्छ । कुनै एक वर्षको यो समस्या होइन् । विगतका वर्षहरुमा देखिएको समस्यालाई आउँदो वर्षमा निराकरणका लागि पहल भएको देखिन्न् । हुन त नेपालमा मलखाद्य उत्पादन हुँदैन् । अन्य मुलुकबाटै मलखाद्य आयात हुने गर्दछ ।

सरकारी स्तरबाट यो समस्या समाधान हुने हो । तर, जुनसुकै सरकार आएपनि यस समस्याप्रति गम्भिर नहुनुले जनताप्रति उत्तरदायित्व बहन गर्न नसक्नु हो । सरकार फेरिन्छन्, नयाँ सरकार आउँछ र प्रतिबद्धता जनाउछ, तर किसानहरुको समस्या ज्युको त्युँ रहन्छ । आखिर मलखाद्यको समस्या समाधान कसले गर्ने त यो एउटा गम्भिर प्रश्न हो । के यो समस्या किसानको मात्र हो ! होइन भने कीन सरकार मुकदर्शक बन्छ बारम्बार ? मुलुकमै मलखाद्य उत्पादन गर्न पहल कीन गरिदैन् । जबकी यहाँका जनता कृषिमै निर्भर छन् भन्ने कुरा थाहा हुँदै पनि यो समस्या बारम्बार कीन दोहरिरहन्छन् त !

तसर्थ किसानहरुको समस्या मात्र नभएर एउटा राष्ट्र समस्याको रुपमा विकसित हुँदै गएको बेला सरकारी निकायले एउटा ठोस कदम उठाउन सक्नुपर्दछ । मलखाद्यको आपूर्तीलाई पुरा गर्न तीनै तहका सरकार गम्भिर बनी दिर्घकालिन उपायतिर अग्रसर हुनु आवश्यक छ । अनि मात्र कृषिको उत्पादन बृद्धि हुनुका साथै देश सबल बन्न सक्दछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्वविद्यालयमा दलीय राजनीति हाबी भएको उपकुलपतिहरूको गुनासो

काठमाडौँ, २९ मङ्सिर (रासस) ।

विभिन्न विश्वविद्यालयका उपकुलपतिहरूले राजनीतिक दलमा आवद्ध शिक्षक-कर्मचारीलाई अनुशासनमा राख्न नसक्दा काम गर्न अप्ठ्यारो भएको गुनासो शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलसमक्ष गरेका छन् ।

अति राजनीतिकरणबाट ग्रस्त मुलुकको जेठो र ठूलो त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा धर्मकान्त बाँस्कोटा, मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति डा नन्दबहादुर सिंहलगगायतले मन्त्री पौडेलसँग त्यस्तो अवस्था अन्त्यका लागि कानुनी र अन्य सहजीकरणका लागि आग्रह गर्नुभएको हो । राजनीतिक प्रभावकै कारण कतिपय विश्वविद्यालयमा अहिले पनि तालाबन्दी र आन्दोलन जारी रहेका बेला विभिन्न ११ विश्वविद्यालयका समस्या र उच्च शिक्षाका क्षेत्रमा गर्नुपर्ने कामका विषयमा मन्त्री पौडेलले मङ्गलबार सिंहदरबारमा छलफल आयोजना गर्नुभएको थियो ।

"दलीय आधारमा खोलिएका सङ्गठन र कर्मचारीले हरेक काम र तिनका स्वार्थमा हामीलाई हिँडाउन खोज्छन् । जुन सङ्काय क्याम्पसमा पनि दलका समर्थक नै हाबी भएका छन् । यसले गर्दा समग्र प्राज्ञिक र प्रशासनिक सुसञ्चालनमा असहजता भइरहेको छ", त्रिविका उपकुलपति डा बाँस्कोटाले भन्नुभयो ।

नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा डा यादवप्रकाश लामिछानेले दाङको देउखुरीस्थित विश्वविद्यालयको एक हजार ३६५ बिघा जग्गामा आफूहरूले भोगचलन गर्न नपाएकाले उच्चस्तरीय आयोग गठन गरेर समस्याको समाधान गरिदिन आग्रह गर्नुभयो । उक्त जग्गा माओवादीद्वारा सञ्चालित सशस्त्र द्वन्द्वका समयमा कब्जा भई अन्य पक्षले उपयोग गर्दै आएका छन् । डा लामिछानेले विदेशबाट पढेर आउने विद्यार्थीको समकक्षता तथा यहाँका विद्यार्थीलाई विदेशी विश्वविद्यालयमा छात्रवृत्तिका लागि त्रिभुवन विश्वविद्यालयलाई मात्रै अधिकार र प्राथमिकता दिइनुले अन्य विश्वविद्यालयलाई विभेद भएको गुनासो गर्नुभयो । उहाँले हरेक जिल्लामा कम्तीमा एक संस्कृत माध्यमिक विद्यालय सञ्चालन नल्याए आफ्नो विश्वविद्यालयमा विद्यार्थी घट्दै जाने खतराबारे पनि मन्त्री पौडेललाई अवगत गराएको राससलाई बताउनुभयो ।

मन्त्री पौडेलले विश्वविद्यालय सुधार गर्न राजनीतिक नेतृत्वलाई 'कन्भिन्स' गर्नसक्ने क्षमता विश्वविद्यालयका नेतृत्वसँग हुनुपर्ने बताउँदै सरकारका तर्फबाट हुने सहजीकरण गरिने विश्वास दिनुभयो । उहाँले भन्नुभयो, "अहिलेका विद्यमान ऐनमा रहेर उच्च शिक्षा सुधार गरौँ । त्यसमा राजनीतिक नेतृत्वको अवरोध भए शिक्षा मन्त्रालयले सहजीकरण गर्नेछ । केही विश्वविद्यालयको जग्गामा सुकुम्बासी बसिरहेका छन्, सुकुम्बासीलाई सम्मानजनक हिसाबले व्यवस्थापन सरकारले गर्नुपर्छ, अन्य काम उच्चस्तरीय आयोगले गर्छ ।"

केही विश्वविद्यालयको जग्गा विवादको विषय अदालतमा विचाराधीन रहेको भन्दै उहाँले त्यसको समाधानका लागि विश्वविद्यालयको अनुदान आयोगको नेतृत्वमा उच्चस्तरीय आयोग बनाई समाधान गर्न सकिने बताउनुभयो । उहाँले सूचना तथा सञ्चार प्रविधिको विकासले मानिसको चेतनास्तर वृद्धि भएकाले शिक्षक छनोट गर्दा दबाबले नभई गुणस्तरीय आधारमा गर्न जोड दिँदै भन्नुभयो, "प्रविधिले चेतनास्तर बढाएको छ, पुरानो प्रविधिले अब हुँदैन । हामीले अहिले पनि उच्च शिक्षा सुधार्न सकेनौँ भने माध्यमिक शिक्षा गुणस्तर हुँदैन, शिक्षक छनोट गर्दा ध्यान दिनुपर्छ ।"

विश्वविद्यालयले अध्ययन, अनुसन्धान गरेर राज्यलाई दिनुपर्ने र राज्यले लिनुपर्नेमा दुवै पक्षले त्यो गर्न नसकेको स्वीकार गर्दै मन्त्री पौडेलले उच्च शिक्षाका लागि व्यवस्थित ऐन निर्माणलगायतका क्षेत्रमा गृहकार्यसहित योजनाबद्धरूपले अघि बढ्न आग्रह गर्नुभयो । मन्त्री पौडेलद्वारा यही मङ्सिर ७ गते सार्वजनिक गरिएको ३१ बुँदे शैक्षिक सुधार योजनामा 'सिक्दै कमाउँदै' कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेलगायत विश्वविद्यालय शिक्षालाई वैज्ञानिक र अनुसन्धानमुखी बनाउन प्राथमिकता दिइएको छ ।

# अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क शिक्षाको माग

काठमाडौँ, २९ मङ्सिर (रासस) ।

राष्ट्रिय अपाङ्ग महासङ्घ, नेपालले अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क शिक्षा कार्यान्वयनको माग गरेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन नहुँदा अपाङ्गता भएका व्यक्ति शिक्षाबाट बञ्चित हुनुपरेकाले महासङ्घले ऐनअनुसार निःशुल्क शिक्षाको व्यवस्था कार्यान्वयन गर्नुपर्ने माग गरेको हो ।

विद्यालय जाने उमेर समूहका अपाङ्गता भएका बालबालिकामध्ये ४०.५ प्रतिशत आर्थिक अवस्था कमजोर भएकै कारण विद्यालय बाहिर रहेको र यसका लागि सरकारी निकायबाट पर्याप्त पहल नभएको महासङ्घका महासचिव राजु बस्नेतले बताउनुभयो । युनिसेफद्वारा प्रकाशित एक प्रतिवेदनअनुसार पाँचदेखि १२ वर्ष उमेरका कूल अपाङ्गता भएका बालबालिकामध्ये ३० प्रतिशत अझै विद्यालयभन्दा बाहिर छन् । सरकारी प्रतिवेदनअनुसार सरकारले सञ्चालन गरेका ३५ हजार ९९३ बाल विकास केन्द्रमा नौ लाख ७३ हजार ९०० बालबालिका अध्ययनरत् छन् । यसमा अपाङ्गता भएका बालबालिकाको सङ्ख्या तीन हजार २७० छ । अपाङ्गता भएका महिलामाथि हुने हिंसामा २१ प्रतिशत शैक्षिक संस्थामा हुने गरेको पाइएको छ ।

महासङ्घले सङ्घीय, प्रदेश र स्थानीय तहसम्म भएको अपाङ्गतासम्बन्धी ज्ञान, सूचना र जानकारीको अभावलाई पूरा गर्न सरकारले सूचनामूलक जानकारी उत्पादन प्रसारणलगायत कर्मचारी र जनप्रतिनिधिलाई तालिम तथा अभिमुखीकरणलाई निरन्तरता दिनुपर्ने मागसमेत गर्दै आएको छ । विश्वविद्यालय र विद्यालयमा अपाङ्गतासम्बन्धी पाठ्यक्रमहरूलाई प्रवर्द्धन गर्नुपर्ने महासङ्घको भनाइ छ । ऐनमा ऐनबमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेमा वा निजप्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई रु ५० हजारसम्म जरिवाना हुनेछ भनिएको छ ।

अपाङ्गता परिचपपत्र देखाएर भर्नाका लागि जाँदा विद्यालयले विभिन्न बहानामा फर्काइदिने गरेको अपाङ्गता भएका व्यक्तिको गुनासो छ । नेपाल अपाङ्ग महिला सङ्घका अध्यक्ष टीका दाहालले नियमावली परिमार्जन गर्दै कार्यान्वयनका लागि राज्यले नै सचेतना अभियान सञ्चालन गर्नुपर्ने माग गर्नुभयो । जनगणना २०६८ सालको प्रतिवेदनमा उल्लेख भएअनुसार कूल जनसङ्ख्याको १.९४ प्रतिशत मात्र अपाङ्ता भएका व्यक्ति छन् । शारीरिक, मानसिक, बौद्धिक र इन्द्रीयसम्बन्धी अवस्थाका आधारमा हुने विभिन्न प्रकारका भेदभाव, दुर्व्यवहार, हिंसा तथा मानवनिर्मित भौतिक संरचना र सूचना तथा सञ्चारमा हुने अवरोधका कारण अपाङ्गता भएका व्यक्ति मानवअधिकारको समान उपयोग, आधारभूत सेवा सुविधाको उपयोग, मौलिक हकको उपयोग तथा अवसरको समान उपयोगमा पछाडि पारिएका छन् ।

# बिजुलपुरा-बर्दिवास खण्डमा जग्गाको मुआब्जा निर्धारण

काठमाडौँ, २९ मंसिर (रासस) ।

भारत सरकारले निर्माण गर्ने जयनगर-बर्दिवास रेलमार्गअन्तर्गत बिजुलपुरा-बर्दिवास खण्डमा जग्गाको मुआब्जा निर्धारण सकिएको छ । भारत सरकारले धनुषा जिल्लाको कुर्थाबाट महोत्तरीको बिजुलपुरासम्म रेलमार्ग निर्माण गरिरहँदा त्योभन्दा अगाडिको खण्डमा पनि निर्माणस्थल खाली गरिएको हो । पहिले बिजुलपुरादेखि बर्दिवास खण्डमा जग्गा प्राप्तिको समस्या रहेको रेल विभागका महानिर्देशक दीपककुमार भट्टराईले बताउनुभयो ।

अहिले जग्गाको मूल्य निर्धारण भइसकेको थियो । बर्दिवास स्टेसनको जग्गा प्राप्ति गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "जग्गाको मुआब्जा निर्धारण भएको छ, अब जग्गा छुट्ट्याउनुपर्छ ।" विभागले जग्गा छुट्ट्याइरहँदा भारतीय पक्षले ट्र्याक बनाउने तयारी गरेको छ । जिल्ला प्रशासन कार्यालयमा रहेको मुआब्जा निर्धारणसम्बन्धी समितिले जग्गाको मुआब्जा निर्धारण गरेको हो ।

सरकारले भारत सरकारसँग एक दशक पहिले गरेको सम्झौताअनुसार सो रेलमार्ग निर्माण अघि बढेको छ । भारतको जयनगरदेखि धनुषाको कुर्थासम्म रेलमार्ग निर्माण दुई वर्ष पहिले नै सम्पन्न भएको थियो । सरकारले गत वर्ष नै सो मार्गमा चलाउनका लागि रेल सेट खरिद गरेको थियो । भारतको जयनगरबाट धचस्नुषाको कुर्थासम्म ३५ किलोमिटर लम्बाइको यो रेलमार्ग बिजुलपुरा हुँदै बर्दिवाससम्म विस्तार हुनेछ । कुर्थाबाट बिजुलपुरा खण्ड १७ किलोमिटरसमेत गरेर जयनगर-बिजुलपुरा ५२ किलोमिटर रहेको छ ।

जनकपुर-कुर्था रेलमार्ग निर्माणका लागि सरकारले भारत सरकारसँग सन् २०१० मा सम्झौता गरेको थियो । त्यसको एक/डेढ वर्ष पछिबाट काम सुरु भएको थियो । भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा सीमा क्षेत्रमा पाँच स्थानमा रेलमार्ग निर्माण सुरु भएको थियो । तीमध्ये जयनगर-कुर्था र विराटनगर-जोगबनीबाहेक अरु तीन स्थानमा निर्माणको काम सुरु हुन सकेको छैन ।

भारत सरकारसँगको सम्झौतानुसार नै विराटनगरबाट बथनाहासम्म निर्माण अघि बढेको भए पनि सम्पन्न भइसकेको छैन । सीमा क्षेत्रमा निर्माण गर्ने भनिएको अरु तीन रेलमार्गमा जलपाइगुडी-काँकडभिट्टा, नौतनहवा-भैरहवा र नेपालगञ्जरोड-नेपालगञ्ज रहेका छन ।

# 'वित्तीय बजारमा सरकारी नीतिले अफ्ठेरो पारेको भए सच्याइने छ'

काठमाडौँ, २९ मङ्सिर (रासस)।

अर्थमन्त्री जनार्दन शर्माले मुलुकको वित्तीय बजारमा सरकारी नीतिले अफ्ठेरो अवस्था सिर्जना भए सच्याउन तयार रहेको जानकारी दिनुभएको छ।

महिनौँदेखि तरलता अभावका कारण बैंकहरुले लगानी गर्न नसकी निक्षेप सङ्कलनलाई प्राथमिकता दिइरहेका समयमा उहाँले सरकारका कानूनले वित्तीय बजारमा समस्या परेको हो भने त्यसको समाधान गरिने विश्वास दिलाउनुभयो।

नेपाल उद्योग बाणिज्य महासङ्घद्वारा बुधबार राजधानीमा आयोजित 'नवउत्थान सम्मेलन'लाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "वित्तीय बजारमा कतै सरकारको नीतिले अफ्ठेरो पारेको छ भने सिधै भन्नुहोस्, राष्ट्र बैंकमा प्रतिनिधि पनि हुनुहुन्छ, यहीँ समाधान गर्ने गरी हामी निर्णय गर्न तयार छौँ।"

पोष्ट-कोभिडको बदलिँदो परिस्थितिमा तिव्र र दीगो आर्थिक वृद्धि कसरी गर्न सकिन्छ भनेर महासङ्घले बुधबार उक्त बहस चलाएको हो। सम्मेलनबाट आएको निष्कर्ष कार्यान्वयनका लागि सरकारमा समेत बुझाइने महासङ्घले जनाएको छ।

अर्थमन्त्री शर्माले विस्तारै आर्थिक क्षेत्र चलायमान हुँदै गएको स्मरण गर्दै यस क्षेत्रमा अझै ठूलो प्रभाव पर्नसक्ने अवस्थालाई समेत मध्यनजर गरी मुलुकको अर्थतन्त्र बलियो बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले श्रोत र श्रमसमेतलाई ध्यानमा राखेर अर्थतन्त्रलाई एउटा लयमा पुऱ्याउनुपर्छ भन्नुभयो। उहाँले आफ्नो आवश्यकता, क्षमता र सम्भव प्रतिष्पर्धात्मक क्षेत्रको पहिचान गरी लगानी गर्नुपर्नेमा जोड दिनुभयो। "सबैमा प्रतिष्पर्धा गर्न सकिन्न, स्वयं आत्मनिर्भर र प्रतिष्पर्धामा जानसक्ने क्षेत्र कुनकुन हुन्, नयाँ ढङ्गबाट त्यसको अध्ययन गर्नुपर्छ, त्यसैमा केन्द्रित भएर लगानी वृद्धि गर्ने कुरा आजको आवश्यकता हो", अर्थमन्त्री शर्माको भनाइ थियो।

उहाँले व्यापार घाटाको समस्या कायमै रहेको जानकारी दिनुभयो। उहाँले बैंक/वित्तीय संस्थाले चालु चार महिनामा मै वार्षिक लक्ष्यको ४९ प्रतिशत लगानी (३८७ अर्ब कर्जा विस्तार) गरिसकेको जानकारी दिनुभयो। "यो लगानी विस्तार नकारात्मक हो या सकारात्मक अध्ययन जरुरी छ", उहाँले आशावादी हुँदै भन्नुभयो, "तथ्याङ्क हेर्दा बढी औद्योगिक क्षेत्रमा लगानी गरेको पाइन्छ, त्यसको प्रयोग हुँदै जाँदा अर्थतन्त्रमा मद्दत नै पुऱ्याउने देखिन्छ।"

मुलुकमा अहिले देखिएको तरलताको समस्याले ब्याज वृद्धि हुने खतरा कायमै रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यसलाई बजारमा छाड्ने की नियमन गर्ने भन्ने कुरा गम्भिर प्रश्न छ, महासङ्घको धारणा के हो ? हामीलाई के सुझाव दिनुहुन्छ, त्यसको प्रतिक्षामा छौँ।" उहाँले क्षमतावान बनाउन र तरलताको समस्या आउन नदिन के नीति चाहिने हो प्रस्ताव पेश गर्न बैंक तथा वित्तीय संस्थालाई समेत आग्रह गर्नुभयो।

सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले लगानी वृद्धि गर्ने र व्यवसायलाई आकर्षित हुने गरी राज्यको नीति बनाउनुपर्नेमा जोड दिनुभएको थियो। उहाँले विस्तारै अर्थतन्त्रमा केही सकारात्मक प्रभाव शुरु भएपनि कोभिड-१९ को त्रास कायमै रहेकाले आर्थिक क्षेत्रमा सरकारको आवश्यक सहयोगको खाँचो औँल्याउनुभयो।

महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले बुधबार दिनभर पोष्ट कोभिडमा आर्थिक क्षेत्रमा परेको प्रभाव र सुधार गर्नुपर्ने विषयमा छलफल हुने र एउटा आधिकारिक धारणा तय गरी आएका निष्कर्षलाई सरकारलाई बुझाउने जानकारी दिनुभयो। उहाँले लगानी बढाउने गरी नीति निर्माण भए आन्तरिक लगानी बढ्ने विश्वास व्यक्त गर्नुभयो।

सम्मेलनको पहिलो सत्रमा तरलता व्यवस्थापन, दोस्रो सत्रमा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन, र तेस्रो सत्रमा निर्यात प्रवर्द्धनका विषयमा विषय विज्ञ र आर्थिक क्षेत्रका प्रतिनिधिबीच समुहगत छलफल गरी निष्कर्ष निकालिने छ।

# समुन्नती कार्यक्रम खडक र सुरूङ्गाका बालवालिकाका लागि लाभदायि बन्दै

**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर।**

समुन्नती/लैङ्गिक केन्द्रित कार्यक्रम/घरमा सुरक्षित सिकाई परियोजना कार्यक्रम संचालनमा आएपछि सप्तरीको खडक र सुरूङ्गाका बालवालिकाका लागि लाभदायिक बन्दै गएको छ।



खडक नगरपालिका वडा ९ स्थित बजराही गुठीको बिद्यालयमा नयाँ कोठा, चर्पि तथा अशक्तको लागि र्‍याम्प निर्माण गरिदिएपछि बिद्यार्थीहरू उत्साहित भएका छन्।

बिद्यालयका प्रअ रामअशिष चौधरीले सबल नेपालले बिद्यालयको शौचालय मर्मत, कक्षा कोठा तथा रंगरोघन, अशक्त बिद्यार्थीका लागि र्‍याम्प निर्माण, हात धुने ठाउको निर्माण गरेको हो। उक्त कार्यका लागि ६ लाख ८४ हजार ४ सय ६४ रकम खर्चिएको हो।

यसैगरी सुरूङ्गां नगरपालिका ८ धाती टोलका बालवालिकाहरु शिक्षावाट बन्चित भएको अवस्थामा उनीहरूको अभिभावकलाई सीपमुलक तालिम दिई स्वरोजगार बनाएको छ। बालवालिकाहरूलाई शिक्षामा आर्थिक सहयोग पुगेपछि उनीहरू खुशी भएका छन्।

यसैगरी खडक नगरपालिका ८ स्थित बाल संरक्षण समितिले बाल विवाह, बाल सहभागिता तथा बालशिक्षा, बालमैत्री चर्पि लगायत सवालमा वकालत गर्न थालेपछि यहाँ दुई वटा बालविबाह रोकिएको सबल नेपाल नेपाल फिल्ड अधिकृत सुष्मा साहले जानकारी दिइन्।

बुधबार सबल नेपालले ती दुबै स्थानमा समुन्नती कार्यक्रम अन्तर्गत बिद्यालय, स्वास्थ संस्था र बाल संरक्षण समितिको क्रियाकलापको निरिक्षण गराएको छ।

अनुगमन टोलीले खडक नगरपालिका वडा १० स्थित स्वास्थ चौकीमा चर्पि निर्माण, बर्थिङ सेन्टरमा टायल जडान, पिध निर्माणका लागी १ लाख ४७ हजार १ सय १६ रूपैया बराबर सहयोग गरिएको संरचनाको निरक्षण गरिएको अनुगमन टोलीका सदस्य तथा जनस्वास्थ अधिकृत राजनारायण ठाकुरले बताए।

यसैगरी खडक नगरपालिका ८ स्थित बाल संरक्षण समितिको क्रियाकलाप, स्थानिय सरकारसँग सहयोग र समन्वय तथा अगामी योजना बारेमा वडा बाल संरचना समितिको सदस्यहरू सँग छलफल गरिएको सबल नेपाल नेपाल फिल्ड अधिकृत सुष्मा साहले जानकारी गराइन्।

सुरूङ्गा नगरपालिका ७ पोखरियामा सुरक्षित सिकाई परियोजना अन्तर्गत बच्चाका लागि घरमै ब्यबस्था गरिएको मिनी पुस्तकालय अवलोकन गरिएको सुरूङ्गां नगर शिक्षा संयोजक भोगेन्द्र यादवले बताए। सबल नेपालले सुरूङ्गा नगरपालिका ५ कुशहामा लैंगिक केन्द्रित परियोजना अन्तर्गत निर्माण गरिएको किसोरी मैत्री चर्पी निर्माण गरेको छ।

समुन्नती कार्यक्रमले खडक र सुरूङ्गा नगरपालिकाको मातृ शिशु स्वास्थ तथा सुधार, बालबालिकाका लागि प्रारम्भिक बाल स्याहार तथा पोषण, विद्यालय स्वास्थ्य तथा पोषण, जिवीकोपार्जन, किशोरकिशोरी विकास तथा किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ क्षेत्रमा कार्य गर्दै आएको सबल नेपाल कार्यक्रम संयोजक नन्दकिशोर चौधरीले बताए।

लैगिंङ केन्द्रित परियोजना अन्तर्गत लैगिक विभेद न्युनिकरण, किशोरी शिक्षा, तथा मुद्रा, हानिकारक समाजिक मूल्य मान्यता न्युनिकरण गर्न क्रियाकलाप गर्दै आएको छ।

समीक्षा बैठकमा खडक नगरपालिका उपप्रमुख यासमिन सुल्तानले खडक र सुरूङ्गा नगरपालिकामा स्वास्थ्य र शिक्षा सुधार ल्याउन सबै आ-आफनो ठाउँबाट सहयोग गरे मात्र समुन्नत समाज निर्माण हुने बिश्वास ब्यक्त गरिन।

सो अवसरमा जिल्ला शिक्षा बिकास तथा समन्वय ईकाई प्रमुख बिजय मण्डल, जिल्ला समन्वय अधिकृत दिलिप साह, सबल नेपालका अध्यक्ष जुना गिरि, वडा ६ का अध्यक्ष भगवती चौधरी, वडा ८ मोहम्मद ईसराईल, वडा १० का अध्यक्ष राजेन्द्र प्रसाद चौधरी, खडक नगरपालिका शिक्षा संयोजक बिरेन्द्र कुमार यादब, सुरूङ्गा नगर शिक्षा संयोजक भोगेन्द्र यादब, खडक नगरपालिका ईन्जिनियर महिनारायण चौधरी, सेभद चिल्ड्रेनका परियोजना संयोजक ईन्द्र बहादुर हायु, कान्ति खडका, सबल नेपालका कार्यक्रम संयोजक नन्दकिशोर चौधरी, कार्यक्रम अधिकृत रोशन मण्डल, खडक नारायण चौधरी, नीर बहादुर आले, राधेश्याम राम, फिल्ड अधिकृत मासुका चौधरी लगायतको सहभागिता रहेको थियो।

# बालबालिकालाई विद्यालयमा नै खोप लगाइने : मन्त्री खतिवडा

काठमाडौँ, २९ मङ्सिर (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री बिरोध खतिवडाले बालबालिकालाई विद्यालयमा नै पुगेर कोरोना भाइरसविरुद्धको खोप लगाउने बताउनुभएको छ।

राष्ट्रिय समाचार समिति (रासस)सँगको कुराकानीमा उहाँले १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकाका लागि विद्यालयमा नै खोप केन्द्र राखेर खोप लगाइने बताउनुभएको हो।

उहाँका अनुसार यही पुस ४ गतेदेखि बालबालिकालाई खोप लगाइने छ। सरकारले १२ देखि

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### ओमिक्रोन भेरियन्ट सम्भवत:विश्वका धेरैजसो देशमा पुगिसकेको अनुमान : डब्ल्यूएचओ

जेनेभा, २९ मङ्सिर (रासस/एएफपी)।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)ले नयाँ कोभिड भेरियन्ट ओमिक्रोन सम्भवत:विश्वका धेरैजसो देशमा पुगिसकेको हुनसक्ने अनुमान गरेको छ।

हाल विश्वका ७७ देशमा यो भेरियन्ट फैलिएको पुष्टि भएको छ। यो निकै उत्परिवर्तित भेरियन्ट भएकोले तीव्रगतिमा फैलिरहेको र अन्य धेरै देशमा पनि हुनसक्ने डब्ल्यूएचओ प्रमुखले बताउनु भएको छ।

डब्ल्यूएचओका प्रमुख डा टेड्रोस एड्हानोम गेब्रेयससले ओमिक्रोनलाई कम आँकिएकोमा आफू चिन्तित बनेको बताउनु भएको छ। ओमिक्रोनको फैलावट यसअघिका कुनै भेरियन्टमा नदेखिएको दरमा भइरहेको डब्ल्यूएचओ प्रमुखले पत्रकारलाई बताउनु भएको छ।

ओमिक्रोनले कम गम्भिर रोग निम्त्याउने भए पनि यसका खास सङ्ख्या कमजोर स्वास्थ्य प्रणालीका लागि पुनःचाप बन्न सक्ने बताउनु भएको छ।

यस भेरियन्टसँग जुध्न कयौँ देशले बूस्टर मात्रा सुरु गर्ने बताएका अवस्थामा मङ्गलबारको पत्रकार सम्मेलनमा डा टेड्रोसले खोप असमानताबारे आफ्ना चासो दोहोर्याउनु भएको छ।

उहाँले बूस्टर डोजले कोभिड फैलन रोक्नका लागि महत्वपूर्ण भूमिका खेल्ने भएपनि केलाई प्राथमिकता दिने भन्ने अहम प्रश्न रहेको बताउनु भएको छ।

यस भेरियन्टलाई सबैभन्दा पहिले दक्षिण अफ्रिकामा पहिचान गरिएको थियो। यसैसँगै कयौँ देशले दक्षिणअफ्रिका र उसका छिमेकी देशसँग यात्रा प्रतिबन्ध लगाए पनि सङक्रमण फैलन रोकिएको छैन।

### युरोपले बालबालिकाका लागि कोभिड खोप अभियान सुरु

फ्र्याङ्कफर्ट, २९ मङ्सिर (रासस/एएफपी)।

धेरै युरोपेली राष्ट्रले बुधबारदेखि कोभिड-१९ विरुद्ध पाँचदेखि ११ वर्षका बालबालिकालाई खोप दिन थालेका छन्।

जर्मनी, स्पेन, ग्रीस र हंगेरी साना केटाकेटीलाई कोभिड-१९ विरुद्ध बुधबारदेखि खोप अभियान शुरु गरेका छन्। इयुको मेडिसिन्स वाचडगले गत महिना फाइजर-बायोटेक शटलाई पाँच देखि ११ वर्षका उमेर समूहका लागि अनुमोदन गरेको थियो।

संयुक्त राज्य अमेरिका पहिलो ठूलो देश हो, यहाँ अहिलेसम्म पाँचदेखि ११ वर्षका ५० लाखभन्दा बढी बालबालिकालाई खोप लगाइएको छ।

फ्रान्समा, गम्भीर रोगको जोखिममा रहेका पाँचदेखि ११ वर्षका बालबालिकालाई मात्रै खोप स्वीकृत गरेको छ। तर सरकारले यसलाई स्वैच्छिक आधारमा सबै बालबालिकामा विस्तार गर्ने विचार गरिरहेको बताएको छ।

बेल्जियम आफ्नो राष्ट्रिय स्वास्थ्य निकायको सिफारिसको लागि पर्खिरहेको जनाएको छ। स्विट्जरल्याण्डमा, देशको चिकित्सा एजेन्सी बच्चाको खोपलाई स्वीकृत दिएको छ। तर अभियान जनवरीबाट मात्र शुरु हुने बताइएको छ।

बेलायतीमा अझै पनि ५-११ उमेर समूहका लागि अनुमोदन गर्ने कि नगर्ने भनेर सरकारी अधिकारीले मूल्याङ्कन गरिरहेका छन्। क्रिसमस अघि नै सम्भवत:निर्णय हुने जनाइएको छ।

### भारतमा थप झण्डै सात हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, २९ मङ्सिर (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप झण्डै सात हजार सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले सोही अवधिमा थप २४७ जनाको कोरोनाका कारण मृत्यु भएको पनि जानकारी दिएका छन्।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार नयाँ सङ्क्रमितमध्ये तीन हजार ३७७ जना केरला राज्यका मात्रै रहेका छन्। सो राज्यमा पछिल्लो २४ घण्टामा २८ जनाको कोरोनाका कारण मृत्यु भएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेका सङ्क्रमितको सङ्ख्या ८७ हजार ५६२ रहेको छ। "अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या कुल सङ्क्रमितको सङ्ख्याको ०.२५ प्रतिशत मात्रै रहेको छ," मन्त्रालयले भनेको छ। यो सङ्ख्या सन् २०२० को मार्च पछिकै सबैभन्दा कम रहेको अधिकारीले जनाएका छन्।

त्यसैगरी सङ्क्रमणमुक्त भएकाको सङ्ख्या भने ९८.३८ प्रतिशत पुगेको पनि मन्त्रालयले जनाएको छ। यो सङ्ख्या पनि सन् २०२० को मार्च पछिकै सबैभन्दा धेरै भएको अधिकारीको भनाइ छ।

पछिल्लो २४ घण्टामा आठ हजार १६८ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। अहिलेसम्म कुल सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ४१ लाख ४६ हजार ९३१ रहेको छ।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको छ।

# कांग्रेस सभापतिमा देउवा निर्वाचित

काठमाडौँ, २९ मङ्सिर (रासस)।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पार्टीको १४औँ महाधिवेशनबाट सभापति पदमा पुनः निर्वाचित हुनुभएको छ। सभापतिका लागि मङ्गलबार भएको पुनः मतदानबाट उहाँ विजयी हुनुभएको हो। देउवा दोस्रो कार्यकालका लागि सभापतिमा विजयी हुनुभएको हो।

सभापति देउवा प्रतिस्पर्धी डा शेखर कोइरालालाई ९०७ मतान्तरले पराजित गर्दै विजयी हुनुभएको हो। मङ्गलबार राति सम्पन्न मतगणनामा जम्मा खसेको मत ४ हजार ६२३ मा देउवाले २ हजार ७३३ मत प्राप्त गर्नुभएको थियो भने डा कोइरालाले १ हजार ८५५ मत प्राप्त गर्नुभएको पार्टीको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। जम्मा ३५ मत बदर भएको थियो।

दिउँसो ३:३० बजेदेखि सुरु भएको मतदान राति ९ बजे सम्पन्न भएको थियो। मतदानमा कुल चार हजार ७४३ मतदातामध्ये चार हजार ५७४ ले मतदान गरेका थिए। सोमबार भएको निर्वाचनमा सभापति पदका पाँच जना प्रत्यासी कसैले पनि ५० प्रतिशत भन्दा बढी मत ल्याउन नसकेपछि पार्टी विधानअनुसार सबैभन्दा बढी मत ल्याउने प्रधानमन्त्री एवं वर्तमान पार्टी सभापति देउवा र नेता डा शेखर कोइरालाबीच मङ्गलबार पुनः मतदान भएको हो।

सोमबार भएको मतदानमा प्रधानमन्त्री एवं वर्तमान सभापति देउवाले दुई हजार २५८ उहाँका निकटतम प्रतिद्वन्द्वी पार्टीका केन्द्रीय सदस्य डा कोइरालाले एक हजार ७०२ मत प्राप्त गर्नुभएको थियो। सभापतिका अन्य प्रत्यासी पूर्व महामन्त्री प्रकाशमान सिंहले ३७१, उपसभापति विमलेन्द्र निधिले २५०, र केन्द्रीय सदस्य कल्याण गुरूङले २२ मत प्राप्त गर्नुभएको थियो।

कांग्रेस विधानअनुसार सभापतिमा निर्वाचित हुन खसेको मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नु अनिवार्य हुन्छ। पहिलो पटक कुनै पनि उम्मेदवारले ५० प्रतिशत भन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जनाबीच पुनः मतदान गर्ने विधानको व्यवस्था छ। पुनः मतदान हुँदा बढीमत प्राप्त गर्ने उम्मेदवार विजयी हुने व्यवस्था छ।

### *बालबालिकालाई ...*

१७ वर्ष उमेर समूहका बालबालिकाका लागि कोरोना भाइरसविरुद्धको खोप लगाउनका लागि मोडर्ना खोप ल्याएको छ। उहाँले बुस्टर डोज लगाउनका लागि सरकारले नीतिगत र व्यवहारिक रुपमा तयारी गरिसकेको जानकारी दिनुभयो।

"महामारी फैलिँदै गयो भने बुस्टर डोज आवश्यक रहेको छ। प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि बुस्टर डोज लगाउने बारेमा मेरो सल्लाह भइसकेको छ", मन्त्री खतिवडाले भन्नुभयो, "थप सुरक्षित हुनका लागि दुई मात्रा लगाएका व्यक्तिले ६ महिनापछि बुस्टर डोज लगाउने हो। आवश्यक पर्दा यसका लागि सरकार तयार छ।"

नेपालमा भेरोसेलको दुई मात्रा लगाएका ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई भने सरकारले अतिरिक्त एक मात्रा खोप दिने यसअघि नै निर्णय गरिसकेको छ। विश्व स्वास्थ्य सङ्गठनले ज्येष्ठ नागरिक, अशक्त बिरामी, मुटु रोगी, मिर्गौला, दीर्घरोगीलाई मात्र बुस्टर डोज लगाउनका लागि सिफारिस गरेको छ।

# प्रदेश २ मा पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर

काठमाडौँ, २९ मङ्सिर (रासस)।

नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच नेपालमा निर्माण क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्नेसम्बन्धी समझदारीमा हस्ताक्षर भएको छ।

अर्थ मन्त्रालयमा बुधबार आयोजित एक कार्यक्रममा अर्थ सचिव मधुकुमार मरासनी र नेपालका लागि गणतन्त्र कोरियाका राजदूत पार्क चोङ सुकले सो सझदारीपत्रमा हस्ताक्षर गर्नुभयो। प्रदेश नं २ को महोत्तरीमा पोलिटेक्निक इन्स्टिच्यूट स्थापना गर्न कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) मार्फत कोरिया सरकारले ८.६ मिलियन अमेरिकी डलर (करिब एक अर्ब तीन करोड नेपाली रुपैयाँ) अनुदान दिनेछ।

उक्त परियोजनापश्चात नेपाल र विश्वबजारमा माग हुने निर्माण क्षेत्रका दक्ष जनशक्तिको आवश्यकतालाई परिपूर्ति गर्न सहयोग मिल्नेछ। बढ्दो बेरोजगारी समस्या मुलुकको चुनौतीका रुपमा देखा परेको वर्तमान परिस्थितिमा पोलिटेक्निक इन्स्टिच्युटको स्थापनाले सीपयुक्त जनशक्तिको आवश्यकता परिपूर्ति हुने अर्थ मन्त्रालयले जनाएको छ।

हस्ताक्षर समारोहमा अर्थ सचिव मरासनीले मुलुकमा व्याप्त दक्षजनशक्ति अभावको समस्यालाई न्यूनीकरण गर्न सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो। सीपयुक्त जनशक्तिको उत्पादनबाट स्वरोजगारको वातावरण बन्ने छ।

त्यस्तै वैदेशिक रोजगारीमा जानेले आकर्षक सेवा सुविधा पाउने र मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ। प्रदेश नं २ बाट वैदेशिक रोजगारीमा जानेको सङ्ख्या अधिक रहेको अवस्थामा सो प्रदेशमा पोलिटेक्निक इन्स्टिच्युट स्थापनाले सीप सिकेर विदेश जान सहयोग मिल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। समारोहमा नेपालका लागि कोरियाका राजदूत पार्कले नेपालको विकासमा कोरिया सरकारले विभिन्न सहयोग गर्दै आएको बताउनुभएको थियो।

### *नागरिकता समस्या...*

त्यसलाई समाधानका लागि पार्टीले ससंदमा आवाज उठाइरहेको बताए।

उनले सो समस्या समाधानका लागि नागरिकता ऐन नै संशोधन गर्नुपर्ने आवश्यक रहेको उल्लेख गर्दै नागरिकता ऐन संशोधनमा अवरुद्ध भएको तर जसपाले नागरिकता दिलाउन अग्रसरता देखाएको बताए।

मधेसमा ८० प्रतिशत नागरिक कृषिमा आधारित रहेकाले राज्यले सबैभन्दा बढी लगानी यसै क्षेत्रमा गर्नु पर्नेमा जोड दिए।

जसपा तिरहुत गाउँपालिकाका संयोजक विरेन्द्र मिश्रको अध्यक्षतामा आयोजना गरिएको कार्यक्रममा राजविराज नगरपालिकाका मेयर शम्भु प्रसाद यादव, डाक्नेश्वरी नगरपालिकाका मेयर शिवनारायण साह, तिरहुत गाउँपालिकाकी उपाध्यक्ष तिर्थमाया खंग, वडा नम्वर ४ का अध्यक्ष मनोज यादव लगायतले पनि सम्बोधन गरेका थिए।

सो कार्यक्रममा सय भन्दा बढी व्यक्ति विभिन्न पार्टी परित्याग गरि जसपामा प्रवेश गरेका छन्। नवप्रवेशीहरुलाई अध्यक्ष यादवले टिका लगाई पार्टी प्रवेश गराए।

## सच्याइएको सम्बन्धमा

मिति २०७८/०८/२७ गते प्रकाशित तिलाठी कोइलाडी गाउँपालिकाको पदपूर्ति सम्बन्धी विज्ञापन नं. ०२/०७८/०८९ को विषय गणित हुनुपर्ने तथा निम्न माध्यमिक तर्फ विज्ञापन नं. क्रमशः ०३/०७८/०८९, ०४/०७८/०८९ र ०५/०७८/०८९ हुनुपर्नेमा अन्यथा भएको हुँदा सच्याइएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ।

शिक्षण सहयोगी छनौट समिति
तिलाठी कोइलाडी गाउँपालिका


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी

जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडालगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाजगरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका,जेष्ठ नागरिक तथा अशक्तले सकेसम्मचिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमास्वास्थ्यकर्मीसँगपरामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*